# आठराई त्रिवेणी गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः

आठराई त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हाङपाङ, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल



Scanned with OKEN Scanner

# आठराई गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधिः २०८१

**प्रस्तावनाः**

गाउँपालिका क्षेत्रमा आवश्यक शान्ति तथा सुव्यवस्था कायम गरी गाउँपालिका एवं गाउँ क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको सुरक्षा एवं संरक्षण गर्न, गाउँपालिका निर्णयहरुको कार्यान्वयन गर्न, आपतकालीन अवस्थामा राहत र उद्धारको कार्य गर्न, अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्न र छाडा पशु चौपायाको नियन्त्रण सम्बन्धी कार्य गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (क) (१) मा उल्लेख भएको नगर प्रहरी सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम "आठराई त्रिवेणी गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८१" तर्जुमा गरी जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "आठराई त्रिवेणी गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८१" रहेको छ । यो कार्यविधि तुरुन्त लागु हुनेछ

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले आठराई त्रिवेणी गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "सभा" भन्नाले आठराई त्रिवेणी गाउँपालिकाको गाउसभा सम्झनु पर्दछ ।

(घ) "गाउँ कार्यपालिका" भन्नाले आठराई त्रिवेणी गाउँपालिका भन्ने सम्झनु पर्दछ ।

(ङ) "प्रमुख" भन्नाले आठराई त्रिवेणी गाउँपालिका प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठराई त्रिवेणी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "नगर प्रहरी प्रमुख" भन्नाले आफु मातहतको जनशक्तिलाई आन्तरिक रुपमा कमाण्ड गर्ने सिनियर गाउँ प्रहरी कार्मचारी भन्ने सम्झनु पर्छ । यस शब्दले नगर प्रहरी प्रमुख नियुक्त नभएसम्म गाउँ प्रहरी कर्मचारीको कमाण्ड गर्ने हवल्दार वा सिनियर प्रहरी जवानलाई समेत जनाउनेछ ।

(ज) "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरी अधिकृत, जवान र सुरक्षा गार्डको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले आठराई त्रिवेणी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ को दफा ५ बमोजिमको पदपुर्ति समितिलाई सम्झनु पर्दछ ।



Scanned with OKEN Scanner

(ञ) "सेवा करार" भन्नाले यस कार्यविधि बमोजिम स्वीकृत दरवन्दीमा कुनै व्यक्तिको सेवा करारमा लिने सम्झौता गरी सेवा करारमा लिने कार्य सम्झनु पर्दछ ।

(ट) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले गाउँ कार्यपालिकाको समय समयमा निर्माण गरी तोकिएको वा तोकिए बमोजिमको व्यवस्था सम्झनु पर्दछ ।

## परिच्छेद-२

## गाउँ प्रहरीको क्षेत्राधिकार, सेवा गठन, रेखदेख र नियन्त्रण

३. गाउँ प्रहरीको क्षेत्राधिकार (१) गाउँ प्रहरीको क्षेत्राधिकार प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम आठराई त्रिवेणी गाउँपालिका भित्र मात्र रहनेछ ।

४. गाउँ प्रहरीसेवाको गठन गाउँपालिकामा एक नगर प्रहरी सेवाको गठन गरिनेछ । नगर प्रहरी सेवाका विभिन्न पदहरु, विभिन्न पद अन्तगत रहने प्रहरी कर्मचारीहरुको दरवन्दी संख्या र पदपुर्ती सम्वन्धी व्यवस्था यो कार्यविधि अनुसार हुनेछ ।

५. गाउँपालिकामा रहने गाउँ प्रहरी कर्मचारीको पद: (१) गाउँपालिकामा रहने गाउँ प्रहरी कर्मचारीको पद देहाय अनुसार हनेछ ।

(क) गाउँ प्रहरी सहायक निरिक्षक

(ख) गाउँ प्रहरी हवल्दार

(ग) गाउँ प्रहरी जवान

(२) उप-दफा (१) अनुदारका पदहरु मध्ये आवश्यकता अनुसारका पदहरु र ति पद अन्तर्गत रहने गाउँ प्रहरी कर्मचारीको दरवन्दी र संख्या गाउसभाले स्वीकृत गर्नेछ ।

(३) उप-दफा (२) वमोजिम स्वीकृत दरवन्दी मध्ये रिक्त भएको पदमा यो कार्यविधि तथा गाउँपालिकाको प्रचलित कानुन बमोजिम पदपुर्ति गर्दा दफा १० बमोजिम पदपुर्ति गरिनेछ

(४) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण वनाउने छ र त्यस्तो कार्य विवरणमा उक्त पदको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व समेत उल्लेख गरिनेछ ।

(५) गाउँ प्रहरी प्रमुख लगायत गाउँ प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार यसै कार्यविधिमा व्यवस्था गरिए अनुसार हुनेछ ।



Scanned with OKEN Scanner

## परिच्छेद ३

## गाउँ प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

६. गाउँ प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः (१) गाउँ प्रहरी कर्मचारीहरु हमेशा आफ्नो ड्युटीमा रहेको मानिनेछ । निजलाई जुनसुकै बखत पनि काममा लगाउन सकिनेछ ।

(२) गाउँ प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ

(क) सार्वजनिक आवागमनमा बाधा अवरोध पु-याई राखिएका निर्माण सामाग्रीहरु त्यस्ता पसल/व्यवसायबाट हटाउन लगाउने, नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(ख) गाउँपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहोरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने, अटेर गर्नेलाई कानुन बमोजिम कारवाही गर्न पेश गर्ने ।

(ग) सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, ढल नाला, चोक, पोखरी मिची कसैले घर कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले प्रयोग गरेको छ छैन निरीक्षण गर्ने। निर्माण वा अतिक्रमण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानुन शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष पेश गर्ने, आदेश अनुसार गर्ने गराउने ।

(घ) गाउँपालिका क्षेत्र भित्र कसैले भवन निर्माण गर्दा अनियमित ढंगले निर्माण गर्ने अधिकारी समक्ष पेश गर्ने, मापदण्ड विपरित देखिए भत्काउने आदेश भएमा आदेशानुसार गर्ने गराउने ।

(ङ) छाडा पशुचौपाया पक्राउ गरी लिलामका लागि पेश गर्ने, लिलाम हुंन नसके छाडा पशुचौपाया गाउँपालिकाले तोके बमोजिम व्यवस्थापन गर्ने, गराउने ।

(च) स्वास्थ्यका लागि हानिकारक बस्तु तथा सढेगलेको खाद्य पदार्थ विक्री वितरणमा रोक लगाउने । तोकिएका मापदण्ड विपरीत सडेगलेको हानिकारक बस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा नियमानुसार जरिवाना गर्न वा पसल बन्द गर्न, गराउन राय साथ पेश गर्ने । (छ) रोगी वा कानुनले विषेध गरेका पशुपंक्षी काटमार गर्न नदिने र त्यस्ता पशु पंक्षीको मासु विक्री वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने र नियमानुसार कारबाहीका लागि राय सहित पेश गर्ने ।

(ज) छाडा कुकुर नियन्त्रण सम्बन्धी कार्य गर्ने। वेवारिस, मरेका पशुपंक्षीको समयमै उचित व्यवस्थापन गर्न लगाउने ।

(झ) सडक आवागमन वा सर्व साधारणको लागि खतरा देखिएका रुखहरु काट्न लगाउने । जोखिमपूर्ण घर, पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गरी आदेशानुसार गर्ने गराउने ।

(ञ) वडा समिति, टोल विकास संस्था वा अन्य सामाजिक संघ संस्था र सुरक्षा निकायसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने, गराउने ।

(ट) गाउँ कार्यपालिका, विभिन्न समिति, उप-समिति विभाग तथा शाखाहरुबाट लागु हुने

नीती नियम, निर्णय, मापदण्ड र गाउँपालिकाको विद्यमान कानुन कार्यान्वय गर्ने । (ठ) गाउँपालिकामा सु-व्यवस्था कायम गर्ने, गाउँपालिकाको चल अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

(ड) गाउँपालिका क्षेत्रमा ईजाजत विना पेशा व्यवसाय गरेको फेला परेमा सम्बन्धित निकायबाट पेशा/व्यवसायको दर्ता नविकरण गर्न लगाउने । त्यस्ता पेशा/व्यवसाय गाउँपालिका दर्ता भए नभएको र दर्ता भए पनि नविकरण भए नभएका हेरी दर्ता वा नविकरण गर्न लगाउने ।

(ढ) गाउँ क्षेत्रमा भित्ते लेखन, पोल, व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने, अटेर गर्नेलाई कारबाहरी गर्ने ।

(ण) विना ईजाजत व्यानर, डोडिङ्ग बोर्ड ग्लोबोर्ड लगाएका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा प्रक्राउ गरी ईजाजत लिन लगाउने, नमानेमा कारवाही गर्ने ।

(त) गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रमहरुमा सुरक्षा प्रदान गर्ने र तोकिए बमोजिम गाउँपालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने ।

(थ) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल/व्यवसाय स्थलमा मूल्य सूची राख्न - लगाई नियमित अनुगमन गर्ने ।

(द) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा तास-जुवा लगायतका विकृतिजन्य क्रियाकलापमा रोक लगाउने। अनुमति विना जादु, सर्कस र आर्थिक संकलन गर्ने प्रकृतिका विभिन्न खेलहरु सञ्चालन गर्न नदिने ।

(ध) गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा आएका अस्थायी प्रकृतिका बजारहरुको रेखदेख गर्ने, व्यापारीहरुको लगत राख्ने ।

(न) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो तथा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(प) ध्वनी, धुँवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा, व्यापार, व्यवसाय वा अन्य कुनै किसिमको कार्यक्रम सञ्चालन गर्न वा सार्वजनिक रुपमा बाधा पुग्ने गरी व्यक्ति विशेषले कुनै कार्य गर्न रोक लगाउने । कुनै उद्योग व्यापार व्यवसाय वा व्यक्तिले कुनै कार्य गर्दा प्रदुषण उत्पन्न भएमा त्यसलाई नियन्त्रण गर्न लगाउने ।

(फ) पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(ब) गाउँ क्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपुर्ती व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी राख्ने र अनुगमन गर्ने ।

(भ) विपत, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त परिचालन हुने ।



Scanned with OKEN Scanner

(म) गाउँपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम अन्तरगत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(य) माथि खण्ड (म) बमोजिमका शाखा, आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सो को विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(र) न्यायिक समितिले आदेश गरे बमोजिमका सम्बन्धित पक्षहरु कहाँ म्याद तामेली गर्ने र पूर्जी, सूचना बुझाउने

(ल) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने ।

(व) गाउँपालिकाको सुरक्षा गर्ने, पालोपहरा गर्ने ।

(श) गाउँपालिकाबाट तोकिएको अन्य कार्यहरु गर्ने गराउने ।

(२) उपदफा (१) बमोजिमका कार्यहरु गर्दा गाउँ प्रहरी कर्मचारीले स्थानीय प्रहरीसंग समन्वय गरेर कार्य गर्नु पर्नेछ ।

(३) गाउँ प्रहरी कर्मचारीको कार्य विवरण तयार गर्दा उपदफा (१) अन्तरगत उल्लेख भएका काम, कर्तव्य र अधिकारलाई आधार मानी तयार गरिनेछ । (४) यस दफा बमोजिम गाउँ प्रहरी कर्मचारीले कारवाही गर्दा गर्ने जरिवाना रकम तथा कुनै समाग्री हटाउँदा लागेको खर्च अशुल सम्बन्धी व्यवस्था आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-४
## दरबन्दी श्रृजना र पदपूर्ती सम्बन्धी व्यवस्था

७. पद तथा दरवन्दी श्रृजना सम्बन्धी व्यवस्थाः (१) गाउँपालिकामा रहने गाउँ प्रहरीको विभिन्न पद/तह तथा दरवन्दीको श्रृजना र खारेजी सम्बन्धी व्यवस्था गाउसभाले निर्णय गरे बमोजिम हुनेछ । (२) दरवन्दी श्रृजना तथा खारेजीका लागी प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नु पर्ने कारण, प्रस्तावित पदले गर्नु पर्ने कामको विवरण, मौजुदा दरवन्दीबाट थप गरेको कार्यवोझ सम्हाल्न सक्ने अवस्था, आर्थिक क्षमता उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि लागु हुनु भन्दा अगाडि गाउँ सभाबाट स्वीकृत भएका गाउँ प्रहरी तथा सुरक्षा गार्डको रुपमा राखिने कर्मचारीको दरवन्दीलाई समेत समावेश गरी कायम गरिनेछ ।

८. गाउँ प्रहरी कर्मचारीको शुरु नियुक्ति हुने पदहरुः स्थानीय कर्मचारी सम्बन्धी ऐन तथा नियमावली जारि नहुँदासम्म गाउँ प्रहरी सहायक निरीक्षक र गाउँ प्रहरी जवानका पदहरुमा दफा १० बमोजिम खुला प्रक्रियाद्वारा पूर्ति गरीनेछ । अन्य पदहरुमा आन्तरिक मूल्याङ्कनद्वारा पदपूर्ति गरिनेछ ।

९. नियुक्ति गर्ने अधिकारीः गाउँ प्रहरी कर्मचारी छनौट तथा सिफारिस समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको नियुक्ति गर्नेछन ।

१०. पदपूर्ती गर्ने तरिका (१) गाउँ प्रहरी कर्मचारीको पदपूर्ती देहाय बमोजिम गरिनेछ ।



Scanned with OKEN Scanner

| सि.नं. | पद | पदपुर्ति | | दरबन्दी संख्या |
|---|---|---|---|---|
| | | खुल्ला | आन्तरिक बढुवा | |
| १ | गाउँ प्रहरी सहायक निरीक्षक | १००% | - | १ |
| २ | गाउँ प्रहरी हवल्दार | - | १००% | १ |
| ३ | गाउँ प्रहरी जवान | १००% | - | ३ |

गाउँ प्रहरी हवल्दारको बढूवाद्धारा पदपूर्ती गर्नुपर्ने आवश्यकता महशुस भएमा गाउँ कार्यपालिकाले गाउँ प्रहरी कर्मचारीहरुको कुल दरबन्दीमा नब्रढने गरी गाउँपालिकामा हाल कार्यरत गाउँ प्रहरी जवान कर्मचारीहरु मध्येबाट कार्य अनुभव, योग्यता, कार्यक्षमता, नेतृत्व गर्न सक्ने क्षमताको आधारमा गाउँ प्रहरी जवानलाई गाउँ प्रहरी हवल्दारको पदमा नियुक्त गर्न सिफारिस गर्न सक्नेछ । यस उपदफाको प्रयोजनको लागि गाउँ प्रहरी हवल्दारको पदमा नियुक्तीको लागि योग्यता कायम गर्दा एस.ई.ई वा सो सरह उतिर्ण गरेको कायम गरिनेछ । खुल्ला प्रक्रियांद्वारा पदपूर्ती गर्दा गाउँ प्रहरीलाई समावेशी बनाउन यथासम्भव प्रयत्न गरिनेछ ।

११. खुल्ला प्रक्रियाद्वारा पदपुर्ती हुने पदको आवश्यक योग्यता (१) गाउँ प्रहरी सहायक निरीक्षक पदको आवश्यक योग्यता देहाय अनुसार हुनेछ ।

(क) दरखास्त आह्वान भएको सालको वैशाख १ गते २१ वर्ष उमेर पुगेको र ३५ वर्ष ननाघेको ।

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सज़ाय नपाएको ।

(घ) महिलाको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ ईन्च उचाई भएको

(ङ) छाती नफुलाउँदा घटीमा ३१ ईन्च र फुलाउँदा ३३ ईन्च भएको । (पुरुषको हकमा मात्र)

(च) आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(छ) नेपाली नागरिकताको प्रमाण पत्र भएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको ।

(२) गाउँ प्रहरी जवानमा खुला प्रक्रियाद्वारा पदपूर्ती गर्दा आवश्यक पर्ने योग्यता देहाय अनुसार हुनेछ ।

(क) दरखास्त दिने सालको वैशाख १ गते १८ वर्ष उमेर पुरा भएको ३५ बर्ष ननाघेको ।

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई वा सो सरहको परीक्षा उत्तीर्ण गरेको, तर नेपाली सेना, नेपाल प्रहरी, वा सशस्त्र प्रहरी बलमा नियुक्ति भई कम्तिमा ५ वर्ष सेवा अवधि कार्यअनुभवको कागजात भएकोमा कक्षा ८ पासको प्रमाण पत्र भए पुग्ने ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) महिलाको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ ईन्च उचाई भएको



Scanned with OKEN Scanner

(ङ) छाती नफुलाउँदा घटीमा ३१ ईन्च र फुलाउँदा ३३ ईन्च भएको । (पुरुषको हकमा मात्र)

(च) आखाँ माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको । नेपाली नागरिकताको प्रमाण पत्र भएको ।

(च) स्वीकृत चिकित्सकबाट निरोगितांको प्रमाण पत्र प्राप्त गरेको

१२. पदपूर्ती समितिः गाउँ प्रहरी कर्मचारीको पदपूर्ती गर्दा आठराई त्रिवेणी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ को व्यवस्था अनुसार प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा प्रशासन शाखा प्रमुख सदस्य रहने तथा गाउँपालिका अध्यक्षबाट तोकिएको एक जना कर्मचारी सदस्य रहने गरी गाउँ प्रहरीको पदपूर्ति समिति हुनेछ । गाउँ प्रहरीको पदपूर्तीको लागि छनोट प्रक्रियामा स्थानीय प्रहरी कार्यालयको प्रमुखलाई विज्ञको रुपमा आमन्त्रण गरिनेछ ।

१३. पदपुर्तिको पाठ्यक्रमः- दफा ११ को व्यवस्थाका अतरिक्त गाउँ प्रहरी सहायक निरिक्षक र गाउँ प्रहरी जवानको खुल्ला परिक्षा पदपुर्तिको प्रयोजनका लागि अनुसुचि १ बमोजिमको पाठ्यक्रम बमोजिम प्रारम्भिक स्वास्थ्य परिक्षण,शारिरीक तन्दुरुस्ती र लिखित तथा मौखिक परिक्षाहरु संचालन हुनेछन ।

१४. सेवा करार सम्बन्धी व्यवस्थाः (१) समितिले खुला प्रक्रियाद्वारा पद पुर्ति हुने पदमा आवश्यक योग्यता पुगेका व्यक्तिहरुलाई निजहरुको योग्यता परीक्षण गरी सेवा करारमा नियुक्ति गर्न गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस् भै आएको उम्मेदवारलाई गाउँ कार्यपालिकाको कार्यालयले सेवा करारमा नियुक्ति गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा करारमा लिने निर्णय गर्दा सेवा करारको अवधि पाउने पारिश्रमिक तथा अन्य सुविधा समेत उल्लेख गरी निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको निर्णय पश्चात प्रमुख प्रशासकीय अधिकृतले सेवा शर्तहरु र सुविधाका कुराहरु समेत उल्लेख गरी सेवा करारमा लिने व्यक्तिसंग बढीमा १ वर्षका लागि सेवा करार सम्झौता गर्नु पर्नेछ ।

(५) सम्झौता बमोजिम सेवा करारको अवधि समाप्त भए पश्चात पनि सेवा करारमा लिएको व्यक्तिको सेवा सन्तोषजनक भएमा गाउँ कार्यपालिको निर्णय बमोजिम सेवा करारको अवधि थप गरी प्रमुख प्रशासकीय अधिकृतले पुनः सम्झौता गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम सेवा करारमा नियुक्ति हुने व्यक्तिले सम्झौतामा उल्लेख भए बाहेकका अन्य कुनै सुविधा, सहुलियतको दावि गर्न पाउने छैन ।

(७) यस दफा बमोजिम सेवा करारमा नियुक्ति गर्दा तत् तत् पदलाई आवश्यक पर्ने योग्यता समेतलाई आधार लिई नियुक्ति सम्बन्धी कारवाही अगाडी बढाउनु पर्नेछ ।



Scanned with OKEN Scanner

१५. आपूर्तीकर्ता बाट सेवा करारमा सुरक्षा जनशक्ति प्राप्त गर्न सकिने गाउँपालिकाले सुरक्षा जनशक्ति आपूर्ती व्यवसाय सञ्चालन गर्ने कुनै फर्म, कम्पनी सञ्चालकहरुबाट सेवा करारका विभिन्न शर्तहरु तोकी निश्चित समयका लागि सेवा करार सम्झौताद्वारा आपूर्तीको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद - ५
## गाउँपालिका प्रशासन र गाउँ प्रहरी बीचको सम्बन्ध

१६. प्रशासनको नियन्त्रणमा रहने (१) गाउँ प्रहरीको अनुशासन र आन्तरिक खटन पटन बाहेक समस्त गाउँ प्रहरी कर्मचारी गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखा प्रमुखको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

(२) गाउँ प्रहरी अनुशासन र आन्तरिक खटन पटन सम्बन्धी कार्य सामान्यतया गाउँ प्रहरी प्रमूखले गर्नेछन । (३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि सुरक्षा गार्डमा खटिएको कर्मचारीको अनुशासन र आन्तरिक खटन पटन सम्बन्धी कार्य प्रशासन शाखा प्रमुखले गर्नेछ ।

१७. गाउँ प्रहरी प्रमुख सम्बन्धी व्यवस्था (१) यस कार्यविधि बमोजिम नियुक्त गाउँ प्रहरी सहायक निरीक्षकले गाउँ प्रहरी प्रमुखको कार्य गर्नेछ । यस कार्यविधि बमोजिम गाउँ प्रहरी सहायक निरीक्षक नियुक्त नहुँदासम्म दफा १० को प्रतिबन्धात्मक वाक्यांश बमोजिम नियुक्त गाउँ प्रहरी हवल्दाले गाउँ प्रहरी प्रमुखको कार्य गर्न सक्नेछ ।

(२) सुरक्षा गार्डमा खटिएको गाउँ प्रहरी कर्मचारी बाहेक सबै गाउँ प्रहरी कर्मचारीहरु गाउँ प्रहरी प्रमुखको मातहतमा रहनेछन। निजको आदेश, निर्देशन तथा खटन पटन अनुसार अन्य गाउँ प्रहरी कर्मचारीहरु परिचालन हुनेछन ।

(३) गाउँ प्रहरी प्रमुखको अनुशासन र आन्तरिक खटन पटन गर्ने कार्य प्रशासन शाखा प्रमुखले गर्नेछ ।

(४) प्रशासन शाखा प्रमुखले गाउँ प्रहरी प्रमुख र सुरक्षा गार्डमा खटिएको गाउँ प्रहरी कर्मचारीको अनुशासन र आन्तरिक खटन पटन गर्ने कार्य गर्दा प्रमुख प्रशासकीय अधिकृतसंग समन्वय गर्नु पर्नेछ ।

१८. दोहोरो जिम्मेवारी दिन सकिने यस कार्यविधिको दफा १० को प्रतिबन्धात्मक वाक्यांश बमोजिम गाउँ कार्यपालिकाले गाउँ प्रहरी हवल्दार पदमा आन्तरिक मूल्याङ्कनद्वारा पदपूर्ती गर्दा सुरक्षा गार्डमा कार्यरत गाउँ प्रहरी कर्मचारीलाई नियुक्तिको सिफारिस गरेमा यस कार्यविधि बमोजिम गाउँ प्रहरी सहायक निरीक्षक नियुक्त नहुँदासम्म निजले गाउँ प्रहरी प्रमुखको कार्यभार सम्हाल्नुको साथै गाउँपालिकाले सुरक्षा गार्ड सम्वन्धी अर्को व्यवस्था नगर्दासम्म सुरक्षा गार्डको कार्य समेत सम्पादन गर्नु पर्नेछ ।



Scanned with OKEN Scanner

## परिच्छेद-६
## विदा सम्बन्धी व्यवस्था

१९. विदा अधिकारको कुरा होईन (१) गाउँ प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) विदा स्वीकृत गर्ने अधिकारीले आफ्नो स्व-विवेकले विदा स्वीकृत, अस्वीकृत गर्न सक्नेछ । निजले विदा बसेको गाउँ प्रहरीको विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

२०. विदा सम्बन्धी व्यवस्था गाउँ प्रहरीले पाउने विदाको सम्बन्धमा सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । सेवा करार सम्झौतामा उल्लेख नभएकोमा सार्वजनिक विदा (पालो मिलाई बस्नुपर्ने बाहेकमा) बाहेक मासिक एक दिन (भैपरी तथा पर्व) विदा पाउनेछन ।

(३) विदा लिने विधि, विदा सम्बन्धी शर्तहरु र अन्य कुराहरु गाउँपालिकाको कर्मचारी प्रशासन सम्बन्धी विद्यमान कानुन बमोजिम हुनेछ ।

२१. विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने उपर कारवाही विदा नलिई कार्यालयमा अनुपस्थित हुने गाउँ प्रहरी कर्मचारीलाई गयल गरी तलब कट्टी गरीनेछ ।

२२. झुटो कारण देखाई विदा बसेमा कारवाही हुने झुटो कारण देखाई विदा बसेको पाईएमा त्यस्तो गाउँ प्रहरी कर्मचारी सजाँयको भागीदार हुनेछ ।

## परिच्छेद - ७
## आचरण

२३. गाउँ प्रहरीको आचरण गाउँ प्रहरी कर्मचारीले देहाय बमोजिमको आचरणको पालना गर्नु पर्नेछ ।

(क) आफ्नो कार्यालयको काममा कुनै असर पर्ने गरी आफु वा परिवारका सदस्य समेतले गाउँपालिकाको पूर्व स्वीकृती बिना कोही कसै संगबाट दान, बक्स पुरस्कार वा उपहार स्वीकार गर्नु हुदैन ।

(ख) कुनै किसिमको चन्दा माग्न वा लिन हुदैन ।

(ग) आफु वा आफ्ना परिवारको नाममा कुनै अचल सम्पत्ति खरीद गर्नु पर्दा गाउँपालिकाको स्वीकृती लिनु पर्नेछ ।

(घ) आफु वा आफ्ना परिवारका सदस्यको नाममा रहेको चल अचल सम्पत्ति नगद, सुन चाँदी, शेयर र बैंक व्यालेन्स विवरण सहितको सम्पत्ति विवरण सेवा प्रवेश गरेको ३ महिना भित्र र हरेक आर्थिक वर्ष समापन भएको मितिले ६० दिन भित्र यस्तो अद्यावधिक विवरण गाउँपालिकामा पेस गर्नु पर्नेछ ।

(ङ) गाउँपालिकाको स्वीकृती बेगर कुनै व्यापार व्यवसाय गर्न पाईने छैन ।



Scanned with OKEN Scanner

(च) गाउँपालिकामा आफ्नो कर्तव्य पालनाको सन्दर्भमा वा कार्यालयको आफ्नो जानकारीमा आएका कुनै सूचनाहरु गाउँपालिकाको अख्तियारी विना कोही कसैलाई दिनु हुदैन ।

(छ) रेडियो वा कुनै पत्र पत्रिकामा वेनामी कुनै लेख प्रकाशित गर्न वा प्रसारण गर्नु हुदैन तर साहित्यिक रचनाहरु प्रकाशन गर्न पाईनेछ ।

(ज) गाउँपालिकालाई खलल पुग्ने गरी वा गाउँपालिकाका नीति विरुद्ध कुनै भाषण, संवाद वा लेख रचना प्रकाशन गर्न पाईने छैन ।

(झ) निर्वाचनमा कुनै पनि राजनैतिक दलका लागि मत माग्ने वा निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले भाग लिनु हुदैन तर प्रचलित कानुन वमोजिम गोप्य मताधिकारको प्रयोगमा भने बाधा पर्नेछैन । (ञ) समय पालन वा नियमिततामा गाउँ प्रहरी कर्मचारी चुस्त दुरुस्त हुनु पर्नेछ ।

(ट) आफ्नो कर्तव्य तत्परताका साथ पालन गर्नु पर्नेछ ।

(ठ) आफु भन्दा माविका अधिकृतले दिएको आदेश पालना गर्ने र माथिका अधिकृतहरु उपर उचित आदर देखाउनु पर्नेछ ।

(ड) आफ्नो मतलव साध्य पार्न कुनै अनुचित प्रभाव पार्नु हुदैन ।

(ढ) वहु विवाह, बाल विवाह र अनमेल विवाह गर्नु हुदैन । प्रचलित कानुन विपरित हुने गरी विवाह गर्नु गराउनु हुदैन ।

(ण) गाउँपालिकाको आलोचना गर्न पाईने छैन ।

## परिच्छेद-८

## सजाय र पुनरावेदन

२४. सजाय : (१) उचित र पर्याप्त कारण भएमा प्रशासन शाखा प्रमुखको सिफारिसमा गाउँ प्रहरी कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले देहाय वमोजिम सजाँय गर्न सकिनेछ ।

(क) लिखित चेतवानी दिने ।

(ख) तलव कट्टा गर्ने ।

(ग) प्रहरी कर्मचारीको लापरवाहीको कारण गाउँपालिकालाई हानी नोक्सानी भएमा त्यसरी नोक्सानी भएको विगो वरावरको रकम निजलाई भुक्तानी दिनु पर्ने जुनसुकै स्रोत वा अन्य स्रोतवाट सरकारी बाँकी सरह असुल उपर गरीनेछ ।

(घ) सेवावाट वर्खास्त गर्ने गाउँ प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनु पर्ने पर्याप्त प्रमाण र कारण भएमा स्पष्टिकरण सहित सामान्य प्रक्रियाबाट सजाँय गरी सेवाबाट हटाउन सकिनेछ ।

(ङ) गाउँ प्रहरी कर्मचारीलाई यस दफा वमोजिम कारवाही गर्नु भन्दा पहिला निजलाई सफाईको मौका दिईनेछ ।



Scanned with OKEN Scanner

## परिच्छेद-९
## तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धी व्यवस्था

२५. गाउँ प्रहरीको तलब भत्ता सम्बन्धी व्यवस्था (१) गाउँपालिकामा सेवा करारमा नियुक्त हुने गाउँ प्रहरीको तलब, भत्ता र अन्य सुविधा सेवा करार सम्झौतामा उल्लेख भए वमोजिम उपलब्ध गराईनेछ । सो वाहेक अन्य सुविधा उपलब्ध हुने छैन ।

(२) गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरी थप सेवा सुविधा उपलब्ध गराउन सक्नेछ ।

२६. गाउँ प्रहरी कर्मचारीको पोशाक सम्बन्धी व्यवस्था (१) गाउँपालिकाले गाउँ प्रहरी कर्मचारीले लगाउने पोशाकको रंग, किसिम, ड्रेस कोड तोकी दिन सक्नेछ ।

(२) गाउँपालिकाले गाउँ प्रहरी कर्मचारीलाई बर्षको एक पटक गाउँपालिकाका अन्य कर्मचारीहरुले पाए सरह पोशाक भत्ता उपलब्ध गराउनेछ । यस्तो पोशाक भत्ता प्रत्येत वर्षको चैत्र महिनाको तलब भत्ता भुक्तानी गर्दा साथै भुक्तानी दिईनेछ ।

(३) यस दफा बमोजिम तोकिए बमोजिमको पोशाक प्राप्त गर्ने प्रहरी कर्मचारीले अनिवार्य रुपमा त्यस्तो पोशाक लगाउनु पर्नेछ ।

## परिच्छेद-१०
## विविध

२७. तालिम सम्बन्धी व्यवस्था (१) गाउँ प्रहरीलाई आधारभूत तालिमको अतिरिक्त समय समयमा पुनर्ताजगी तालिम उपलब्ध गराईनेछ ।

(२) यसरी दिईने तालिमको लागि विज्ञ समुहद्वारा पाठ्यक्रम तर्जुमा गरी सोही अनुरुप तालिम प्रदान गरिनेछ ।

(३) प्रत्येक पदमा कार्यरत गाउँ प्रहरी कर्मचारीले तोकिए बोमिजमको तालिम अनिवार्य रुपमा लिनु पर्नेछ ।

(४) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. चाड पर्व खर्च पाउने गाउँ प्रहरी कर्मचारीले आफुले आफ्नो धर्म संस्कृती परम्परा अनुसार मनाईने मुख्य चाडपर्वमा खाईपाई आएको एक महिना बराबरको तलब आर्थिक बर्षको एक पटक चाडपर्व खर्चको रुपमा प्राप्त गर्नेछन ।

२९. उमेर हद : यस कार्यविधिको दफा १३ को उपदफा (५) मा जुनसुकै कुर उल्लेख भएको भएतापनि गाउँ प्रहरी कर्मचारीलाई निजको उमेर ५८ वर्ष पुरा भए पछि निजलाई सेवा करारमा निरन्तरता दिईनेछैन ।

३०. यसै कार्यविधि बमोजिम भएको मानिने गाउँपालिकामा यो कार्यविधि लागु हुनु भन्दा अगाडी नियुक्त भएका गाउँ प्रहरी कर्मचारीहरु यसै कार्यविधि बमोजिम नियुक्त भएको मानिनेछ ।



Scanned with OKEN Scanner

३१. बाधा अडकाउ फुकाउने अधिकार यस कार्यविधि कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अडकाउ आई परेमा त्यस्तो बाधा अडकाउ फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

३२. प्रचलित कानुन बमोजिम हुने यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा यसै बमोजिम र अन्य विषयमा प्रचलित गाउँपालिकाका अन्य कानुन तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ-

३३. कार्यविधिमा संशोधन यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा संशोधन गर्नु पर्ने भएमा आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ । त्यस्तो संशोधन तुरुन्त लागु हुनेछ ।



Scanned with OKEN Scanner

## अनुसुचि-१ दफा १३ सँग सम्बन्धित

आठराई त्रिवेणी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
हाङपाङ ताप्लेजुङ
कोशी प्रदेश नेपाल

## गाउँ प्रहरीको खुल्ला प्रतियोगितात्मक परिक्षाको पाठ्यक्रम

| क्र.सं. | पद | श्रेणी | परिक्षा चरण | विवरण | पुर्णाङ्क | उत्तिर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | प्रहरी सहायक निरिक्षक | सहायक चौथो वा सो सरह | प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परिक्षण | - | - |
| | | | | शारिरीक तन्दुरुस्ती | १०० | ४० |
| | | | द्धितिय चरण | लिखित परिक्षा | १०० | ४० |
| | | | | मौखिक अन्तरवार्ता | ४० | - |
| २ | प्रहरी जवान | श्रेणी विहिन प्रथम | प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परिक्षण | - | - |
| | | | | शारिरीक तन्दुरुस्ती | १०० | ४० |
| | | | द्धितिय चरण | लिखित परिक्षा | १०० | ४० |
| | | | | मौखिक अन्तरवार्ता | ४० | - |

### खण्ड -क प्रारम्भिक स्वास्थ्य परिक्षण र शारीरीक तन्दुरुस्ती परिक्षण

१. प्रारम्भिक स्वास्थ्य परिक्षणमा अयोग्य हुने अवस्थाहरु

1. अंगभंग/कुरुप देखिने
2. हातखुट्टा बांगोटिंगो र औंलाहरु ठिक नभएको
3. घुडा Knee Lock भएको अथवा Rickets भई फाटिएको
4. लठ्यौरो
5. ढाड कुप्रो भएको
6. शरीर पुरा झुकाउन नसक्ने
7. जिउ कोल्टे भएको (बांगो शरीर भएको)
8. कम्तिमा ५० के.जी. पुरुषको र ४२ के.जी. महिलाको तौल नभएको
9. २ वटा भन्दा बढी दाँत किराले खाएको वा झरेको

10. नशा फुल्ने रोग भएको

11. प्रष्ट वोली नभएको/ भकभके

12. शरीर मोटो तर हातखुट्टा झिनो भएको

**नोटः- माथी उल्लेख भए बमोजिम अयोग्य हुने उम्मेदवार शारीरिक तन्दुरुस्ती परिक्षणमा सहभागी गरिने छैन ।**

२. शारीरिक तन्दुरुस्ती परिक्षण

| इभन्टस | ३०० मि.दौड | लङ जम्प | हाई जम्प | सिट अप | पुस अप | चिन अप/पुल अप | ३.२ कि.मी. दौड | जम्मा अंक |
|---|---|---|---|---|---|---|---|---|
| पुर्णाङक | २० | १० | १० | १० | १० | १० | ३० | १०० |
| उत्तिर्णाङक | ८ | ४ | ४ | ४ | ४ | ४ | १२ | ४० |

क. ३०० मिटर दौड

| क्र.सं. | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक (२०) | पुरुषको लागि समयावधि |
|---|---|---|---|
| १ | ४५ सेकेन्ड वा सो भन्दा कम | २० | ५५ सेकेन्ड सम्म |
| २ | ४७ सेकेन्ड सम्म | १८ | ५७ सेकेन्ड सम्म |
| ३ | ४९ सेकेन्ड सम्म | १६ | ५९ सेकेन्ड सम्म |
| ४ | ५१ सेकेन्ड सम्म | १४ | ६१ सेकेन्ड सम्म |
| ५ | ५३ सेकेन्ड सम्म | १२ | ६३ सेकेन्ड सम्म |
| ६ | ५५ सेकेन्ड सम्म | १० | ६५ सेकेन्ड सम्म |
| ७ | ५७ सेकेन्ड सम्म | ८ | ६७ सेकेन्ड सम्म |
| ८ | ५७ सेकेन्ड भन्दा वढी | अनुत्तिर्ण | ६७ सेकेन्ड भन्दा वढी |

ख. लङ जम्प

| क्र.सं. | पुरुषको लागि दुरी | पुरुष/महिला अंक (१०) | पुरुषको लागि दुरी |
|---|---|---|---|
| १ | १५ फिटसम्म वा सो भन्दा माथि | १० | १२ फिटसम्म वा सो भन्दा माथि |
| २ | १४ फिट सम्म | ८.५ | ११ फिट सम्म |
| ३ | १३ फिट सम्म | ७ | १० फिट सम्म |
| ४ | १२ फिट सम्म | ५.५ | ९ फिट सम्म |
| ५ | ११ फिट सम्म | ४ | ८ फिट सम्म |



Scanned with OKEN Scanner

| ६ | ११ फिट सम्म पनि नसक्ने | अनुत्तिर्ण | ८ फिट सम्म पनि नसक्ने |
|---|---|---|---|

ग. हाई जम्प

| क्र.सं. | पुरुषको लागि उचाई | पुरुष/महिला अंक (१०) | पुरुषको लागि उचाई |
|---|---|---|---|
| १ | ४.५ फिटसम्म | १० | ३.५ फिटसम्म |
| २ | ४ फिट सम्म | ८.५ | ३ फिट सम्म |
| ३ | ३.५ फिट सम्म | ७ | २.५ फिट सम्म |
| ४ | ३ फिट सम्म | ५.५ | २ फिट सम्म |
| ५ | ३ फिट सम्म पनि नसक्ने | अनुत्तिर्ण | २ फिट सम्म पनि नसक्ने |

घ. सिट अप

| क्र.सं. | पुरुषको लागि पटक | पुरुष/महिला अंक (१०) | पुरुषको लागि पटक |
|---|---|---|---|
| १ | १० पटक वा सो भन्दा बढी | १० | ७ पटक वा सो भन्दा बढी |
| २ | ८ पटक सम्म | ८.५ | ५ पटक सम्म |
| ३ | ६ पटक सम्म | ७ | ४ पटक सम्म |
| ४ | ४ पटक सम्म | ५.५ | ३ पटक सम्म |
| ५ | ४ पटक सम्म पनि नसक्ने | अनुत्तिर्ण | ३ पटक सम्म पनि नसक्ने |

ङ. पुस अप

| क्र.सं. | पुरुषको लागि पटक | पुरुष/महिला अंक (१०) | पुरुषको लागि पटक |
|---|---|---|---|
| १ | १२ पटक वा सो भन्दा बढी | १० | १० पटक वा सो भन्दा बढी |
| २ | १० पटक सम्म | ८.५ | ८ पटक सम्म |
| ३ | ८ पटक सम्म | ७ | ६ पटक सम्म |
| ४ | ६ पटक सम्म | ५.५ | ४ पटक सम्म |
| ५ | ६ पटक सम्म पनि नसक्ने | अनुत्तिर्ण | ४ पटक सम्म पनि नसक्ने |

च. चिन अपं/ पुल अप

| क्र.सं. | पुरुषको लागि पटक | पुरुष/महिला अंक (१०) | पुरुषको लागि पटक |
|---|---|---|---|
| १ | १२ पटक वा सो भन्दा बढी | १० | १० पटक वा सो भन्दा बढी |
| २ | १० पटक सम्म | ८.५ | ८ पटक सम्म |

| | | | |
|---|---|---|---|
| ३ | ८ पटक सम्म | ७ | ६ पटक सम्म |
| ४ | ६ पटक सम्म | ५.५ | ४ पटक सम्म |
| ५ | ६ पटक सम्म पनि नसक्ने | अनुत्तिर्ण | ४ पटक सम्म पनि नसक्ने |

छ. ३.२ कि.मी. दौड

| क्र.सं. | पुरुषको लागि समयावधि | पुरुष/महिला अंक (३०) | पुरुषको लागि समयावधि |
|---|---|---|---|
| १ | १८ मिनेट वा सो भन्दा कम | ३० | २२ मिनेट वा सो भन्दा कम |
| २ | २० मिनेट सम्म | २६ | २४ मिनेट सम्म |
| ३ | २१ मिनेट सम्म | २४ | २५ मिनेट सम्म |
| ४ | २२ मिनेट सम्म | २० | २६ मिनेट सम्म |
| ५ | २३ मिनेट सम्म | १६ | २७ मिनेट सम्म |
| ६ | २४ मिनेट सम्म | १२ | २८ मिनेट सम्म |
| ७ | २४ मिनेट भन्दा बढी | अनुत्तिर्ण | २८ मिनेट भन्दा बढी |

## खण्ड - खः- लिखित तथा मौखिक परिक्षा योजना

क. गाउँ प्रहरी सहायक निरिक्षक र जवानको पाठ्यक्रम

| क्र.सं. | विषय | पुर्णाङ्क | उत्तिर्णाङ्क | प्रश्न संख्या अंकभार | समय |
|---|---|---|---|---|---|
| १ | सामान्य ज्ञान तथा बौद्धिक परिक्षण | १०० | ४० | ५० वटा प्रश्न * २ अंकभार=१०० | ५० मिनेट |
| २ | अन्तरवार्ता | ४० | - | | |

नोटः-

1. लिखित परिक्षाको भाषा नेपाली वा अंग्रेजी वा दुवै भाषामा हुनेछ ।
2. यथा सम्भव पाठ्यक्रममा सबै इकाईबाट प्रश्न सोधिनेछ ।
3. लिखित परिक्षामा गलत उत्तर दिए वापत नकारात्मक अंक कट्टा गरिने छैन ।
4. यस पाठ्यक्रममा जे सुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका ऐन नियमहरु परिक्षाको मितिभन्दा ३ महिना अगाडी (संशोधन भएका वा संशोधन भइ हटाइएका वा थप भएका) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्छ ।



Scanned with OKEN Scanner

5. खण्ड क को प्रारम्भिक स्वास्थ्य परिक्षण तथा शारीरीक तन्दुरुस्ती परिक्षणवाट सफल भएका उम्मेदवारहरुलाई मात्र यस लिखित परिक्षामा सामेल गरिनेछ भने लिखित परिक्षामा सफल उम्मेदवारहरुमात्र अन्तरवार्तामा सहभागि हुनेछन ।

6. पाठ्यक्रम लागु मितिः- २०८१/०७/०७

## सामान्य ज्ञान तथा वौद्धिक परिक्षण

### खण्ड- क सामान्य ज्ञान

| | सामान्यज्ञान | | | | | | | | | वौद्धिक परिक्षण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अङ्कभार | ६० | | | | | | | | | ४० |
| एकाई | १.१ | १.२ | १.३ | १.४ | १.५ | १.६ | १.७ | १.८ | १.९ | पत्येक इकाईवाट समान २/२ वटा प्रश्न सोधिनेछ । |
| प्रश्न संख्या | २ | ४ | ३ | ३ | ४ | ४ | ३ | ३ | ४ | |
| जम्मा | ३० | | | | | | | | | २० |

**सामान्यज्ञान**

१.१ आठराई त्रिवेणी गाउँपालिकाको भौगोलिक राजनीतिक र पर्यटकिय लगायत सामान्य जानकारी

१.२ भुगोलः-

१.२.१ विश्वको भुगोलः- महादेश,महासागर ,ध्रुव, अक्षांश, देशान्तर, मरुभुमि, नदी, ताल, जलवायु, भुकम्प र ज्वालामुखि

१.२.२ नेपालको भुगोलः- भौगोलिक अवस्था धरातलिय स्वरुप र प्राकृतिक सम्पदा ( जलस्रोत जिवजन्तु वनस्पति माटो हावापानी  खनिज पदार्थ र पहाड)

१.३ नेपालको इतिहासः- किरातकाल, लिच्छिविकाल, मल्लकाल (सामाजिक आर्थिक एवं राजनीतिक अवस्था)  र आधुनिक इतिहास एकिकरण देखि हालसम्म राजनितिक घटनाक्रम कारण र प्रभावहरु

१.४ नेपालको संवैधानिक विकासक्रम र नेपालको वर्तमान संविधान तथा संघीयता र नेपालको हालको राजनितिक तथा प्रशासनिक विभाजन

१.५ नेपालको सामाजिक एवं साँस्कृतिक अवस्थाः- प्रथा, परम्परा, मुल्य, मान्यता, धर्म, जातजाति, भाषाभाषी संस्कृति साहित्य र संगित



Scanned with OKEN Scanner

१.६ नेपालको आर्थिक अवस्थाः- विकासका पुर्वाधारहरुः- कृषि उद्योग व्यापार पर्यटन यातायात संचार शिक्षा स्वास्थ्य विद्युत आदि र हालसम्मका आवधिक योजनाहरु

१.७ मुलुकी ऐन २०७४ को देवानी र फौजदारी संहिताको सामान्य जानकारी ,स्थानीय सरकार संचालन ऐन २०७४, आठराई त्रिवेणी गाउँपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि २०८१, आठराई त्रिवेणी गाउँपालिका विपद व्यवस्थापन ऐन २०७९ सम्वन्धी सामान्य जानकारी

१.८ पारिस्थितिक पद्धति र वातावरणः- पारिस्थितिक पद्धतिको परिचय र प्रकार तथा दिगो विकास, जैविक विविधता, जलवायु परिवर्तन, विश्वव्यापी उष्णता, ओजोन तह विनास, वातावरण प्रदुषण, जनसंख्या वसोबास र शहरीकरण

१.९ राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका राजनितीक सामाजिक आर्थिक वैज्ञानिक खेलकुद पुरस्कार साहित्य र समसामयिक घटनाक्रम र नविनतम गतिविधिहरु महत्वपुर्ण व्यक्तित्व तथा विचारकहरु

वौद्धिक परिक्षण

२.१ रुजु गर्ने
२.२ खाली स्थान वा क्रम पुरा गर्ने
२.३ वर्गिकरण गर्ने
२.४ सम्वन्ध परिक्षण गर्ने
२.५ फायलिङ सिप र परिक्षण
२.६ संख्यात्मक चातुर्यता
२.७ कोडिङ र भिडान परिक्षण
२.८ निर्देशन अनुशरण गर्ने
२.९ विप्लेषणात्मक तार्किकता परिक्षण
२.१० दिशा दुरी र ज्ञान परिक्षण

नोटः नगर प्रहरी सहायक निरिक्षक र नगर प्रहरी जवान दुवैलाई माथिकै पाठ्यक्रम लागु हुनेछ । तर नगर प्रहरी सहायक निरिक्षकलाई Level -1 का ४० प्रतिशत र Level -२ का ६० प्रतिशत प्रश्न सोधिनेछ भने नगर प्रहरी जवानलाई निरिक्षकलाई Level -1 का ७० प्रतिशत र Level -२ का ३० प्रतिशत प्रश्न सोधिनेछ ।



Scanned with OKEN Scanner